# चैनपुर राजपत्र

चैनपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्डः८ चैनपुर, सङ्खुवासभा नेपाल, ०७ पौष २०८१ साल, सङ्ख्याः१**

# भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा नेपाल

चैनपुर नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन  २०७४ दफा ४ ले दिएको अधिकार प्रयोग गरी लोकसेवा आयोगको पारिश्रमिक दररेट २०७२ मा आधारित रही यो मापदण्ड तयार गरी कार्यापालिका बैठकबाट स्वीकृत भएको यो मापदण्ड सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८१  सालको मापदण्ड नं. १ (एक)**

स्वीकृत मितिः२०८१।०९।०७ गते

# परीक्षा सञ्चालन पारिश्रमिक मापदण्ड, २०८१

**प्रस्तावनाः**

चैनपुर नगरपालिकामा विभिन्न पदहरुमा करार सेवा पदपुर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने जनशक्तिहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड बनाउन वाञ्छनिय भएकाले चैनपुर नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ दफा ४ ले दिएको अधिकार प्रयोग गरी लोकसेवा आयोगको पारिश्रमिक दररेट २०७२ मा आधारित रही यो मापदण्ड तयार गरी कार्यापालिका बैठकबाट स्वीकृत गरी जारि गरिएको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम " परीक्षा सञ्चालन पारिश्रमिक मापदण्ड, २०८१ " रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) मापदण्डको प्रयोग र पालना गर्ने गराउने दायित्व नगरपालिका कार्यालयको हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "जनशक्ति" भन्नाले परीक्षा सञ्चालनमा खटिने चैनपुर नगरपालिकाका कर्मचारी, आमन्त्रित विषय विज्ञ, सुरक्षा कर्मी तथा अन्य सहयोगी कर्मचारी सम्झनु पर्दछ।

(ख) " नगरपालिका" भन्नाले चैनपुर नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) " नगर प्रमुख" भन्नाले चैनपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) "नगर उप-प्रमुख" भन्नाले चैनपुर नगरपालिकाको उप-प्रमुखलाइ सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले चैनपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ सम्झनु पर्छ।

(च) "परिक्षा सञ्चालन समिति" भन्नाले करारमा प्राविधिक कर्मचारी व्यवस्था गर्ने कार्यविधि,२०७५ लाई संसोधन गर्न चैनपुर नगरपालिकाको मिति २०८१/०६/१० गतेको कार्यपालिका बैठकको निर्णय नं. २ अनुसारको तथा करार सेवामा पदपूर्ती गर्न बनेका अन्य कानुन बमोजिमको समितिलाई सम्झनुपर्दछ।

(छ) "वस्तुगत परीक्षा" भन्नाले वहु विकल्पहरु मध्ये सहि उत्तर छान्नु पर्ने प्रकारको परीक्षा हो जसलाई (Multiple Choice Question Model) भन्ने सम्झनु पर्दछ।

(ज) "विषयगत परीक्षा" भन्नाले निश्चित विषयमा आधारित रहेर व्यक्तिको व्यवहार, दृष्टिकोण, प्रतिक्रिया वा विचार, आलोचनात्मक सोच, लेखन कला र विषयको गहिरो बुझाइको मूल्याङ्कन गर्ने प्रकारको परीक्षा हो भन्ने सम्झनु पर्दछ।

**परिच्छेद-२**

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**३. परीक्षा सञ्चालन समितिको वैठक सम्बन्धी व्यवस्था:**

(क) परीक्षा सञ्चालन समितिको बैठक वापत प्रति रु १५०० का दरले उपलब्ध गराइनेछ।

(ख) परीक्षा सञ्चालन समितिको बैठक दिनमा जति पटक बसे पनि २ पटक भन्दा बढी बसेका पारिश्रमिक उपलब्ध गराईनेछैन।

(ग) परीक्षा सञ्चालनका क्रममा बनेका उपसमितिहरुको बैठक वापत प्रति रु १२०० का दरले उपलब्ध गराइनेछ ।

(घ) परीक्षा समिति र उपसितिको बैठक सञ्चालनको समयमा आवश्यकता पर्दा खाना र खाजाको व्यवस्था गर्न सकिनेछ।

**४. दरखास्त फाराम सम्बन्धी कार्यमा संलग्न कर्मचारी सम्बन्धी व्यवस्थाः**

(क) पदपूर्तीको लागि विज्ञापन र सूचना प्रकाशन भएको अवस्थामा दरखास्त दर्ता, राजस्व संकलन, दरखास्त स्वीकृत एवं प्रवेशपत्र वितरण( विद्युतीय दरखास्त समेत) को काममा संलग्न कर्मचारीलाई रु २०० का दरले उपस्थित दिन बराबरको पारिश्रमिक उपलब्ध गराईनेछ ।

(ख) दरखास्त फारामको कम्प्युटरमा डाटा इन्ट्री गरी विवरण तयार गरेवापत प्रति डाटा रु २ का दरले पारिश्रमिक उपलब्ध गराइनेछ ।

**५. प्रश्नपत्र निर्माण सम्बन्धी व्यवस्था:**

(क) सवै सेवा समुह, उपसमुह र तहका विषयगत प्रश्नको १ सेट, प्रश्न बनाए वापत देहाय अनुसारको एकमुस्ट पारिश्रमिक दिईनेछ ।

| क्र.सं. | कोरा प्रश्नपत्र निर्माण | रकम (रु) |
|---|---|---|
| १ | विषयगत पूर्णाङ्क १००,५० र ५० भन्दा कम को प्रश्नपत्र निर्माण वापत | क्रमशः ४५००, ३००० र २२५० |
| २ | I.Q प्रश्नपत्र प्रति प्रश्न | १६० |
| ३ | वस्तुगत वहुउत्तर प्रति प्रश्न (अधिकृतस्तर) | १५० |
| ४ | वस्तुगत वहुउत्तर प्रति प्रश्न (सहायस्तर) | १०० |
| ५ | वस्तुगत वहुउत्तर प्रति प्रश्न (श्रेणि विहिन) | १०० |

(ख) उल्लिखित प्रश्नपत्र कम्युटर टाइप र प्रिन्ट गर्ने कार्यमा संलग्न कर्मचारीलाई प्रति प्रश्न रु २० का दरले पारिश्रमिक उपलब्ध गराइनेछ ।

(ग) उत्तरपञ्जिका (Answer key) तयार पार्ने/ खटिने कर्मचारीहरुलाई दिइने पारिश्रमिक (प्रति कर्मचारी/ प्रति सेट)

| प्रश्न संख्या | रकम |
|---|---|
| २५ वटा सम्म | रु ५० |
| ५० वटा सम्म | रु ८० |
| १०० वटा सम्म | रु १२९ |

**६. लिखित परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था:**

(क) लिखित परीक्षा सञ्चालन कार्यमा संलग्न जनशक्तिको पारिश्रमिक देहाय बमोजिम हुनेछ ।

| जनशक्तिको विवरण | रकम (रु) | |
|---|---|---|
| | १ घण्टा सम्मको परीक्षाको लागि | १ घण्टा भन्दा बढी सम्मको परीक्षाको लागि |
| परीक्षा सुपरीवेक्षक | १,००० | १,४०० |
| केन्द्राध्यक्ष | ९,०० | १,२०० |
| सहायक केन्द्राध्यक्ष | ६०० | ८०० |
| समन्वयकर्ता | ६०० | ८०० |
| निरीक्षक | ४०० | ५५० |
| सहयोगी तर्फ | २५० | ३५० |
| सवारी चालक | ४०० | ५०० |

प्रहरी तर्फ

| | | |
|---|---|---|
| प्रहरी निरीक्षक | २०० | २५० |
| प्रहरी नायव निरीक्षक | १९० | २०० |
| प्रहरी सहायक निरीक्षक | १८० | १९० |
| प्रहरी हवलदार | १५० | १७० |
| प्रहरी जवान | १०० | १५० |

(ख) सार्वजनिक बिदाको दिनमा परीक्षा भएमा उक्त दरमा थप ५०% र कार्यालय समय बाहेक परीक्षा भएमा उक्त दरमा थप २५% रकम पारिश्रमिक दिइनेछ ।

**७. उत्तर पुस्तिका परीक्षण सम्बन्धी व्यवस्था :**

(क) कोडिङ कार्यमा संलग्न कर्मचारीलाई प्रथम कोड नं. र दोस्रो कोड नं. कायम गरेको (प्रति उत्तरपुस्तिकाओ) एकल रु ३ र संयुक्त परीक्षा भएमा रु ४ का दरले पारिश्रमिक दिइनेछ । तर न्युनतम संख्या जतिसुकै भएतापनी ५० वटा उत्तरपुस्तिका कोड कायम गर्दा पाउने पारिश्रमिक सरह दिइनेछ ।

(ख) वस्तुगत उत्तरपुस्तिक परीक्षणमा संलग्न जनशक्तिलाई देहाय अनुसारको पारिश्रमिक दिइनेछ ।

| **विवरण** | **कार्यालयमा गर्दा** | | |
|---|---|---|---|
| | **चेक** | **रिचेक** | **अन्तिम चेक** |
| २५ वटा सम्म प्रश्नको | रु ४ | रु ४ | रु ४ |
| ५० वटा सम्म प्रश्नको | रु ६ | रु ६ | रु ६ |
| १०० वटा सम्म प्रश्नको | रु ८ | रु ८ | रु ८ |

(ग) लिखित परीक्षाको नतिजाको लागि प्राप्ताङ्क टेबुलेसन गरे बापत प्रति डाटा रु ०.५०

**८. अन्तर्वार्ता सम्बन्धी व्यवस्था:**

(क) पाँच जना सम्मको अन्तर्वार्ता लिंदा समितिमा रहने दक्ष तथा अन्तर्वार्ता समितिमा अध्यक्ष, सदस्य, सुरक्षाकर्मी र अन्य सहयोगीका रुपमा रहने जनशक्तिलाई देहाय बमोजिम पारिश्रमिक दिइनेछ। पाँच जना भन्दा बढि उम्मेदवार भएमा तोकिएको दरमा २०% थप पारिश्रमिक दिईनेछ।

| **खटिने जनशक्ति** | **अन्तर्वार्ता हुने तहका लागि दिइने रकम रु** | | | |
|---|---|---|---|---|
| | अधिकृतस्तर | सहायकस्तर | श्रेणीविहिन | **कैफियतः** अन्तर्वार्तामा संलग्न जनशक्तिलाई खाना, खाजा र होटल बासको सुविधा उपलब्ध गराउन सकिनेछ। |
| अन्तर्वार्ताकार | २००० | १२०० | १००० | |
| समन्वयकर्ता | ६०० | ३५० | ३५० | |
| प्रहरी वा सुरक्षाकर्मी | ४५० | ३०० | ३०० | |
| सहयोगी | ३०० | २५० | २५० | |

**९. भौगोलिक अंक, शैक्षिक अंक र कार्यानुभव अंक कार्यमा संलग्न कर्मचारी सम्बन्धी व्यवस्था:** चैनपुर नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधिको दफा ४ तथा अन्य करार सेवामा लिने सम्बन्धी कानून बमोजिम दिइने भौगोलिक अंक, शैक्षिक अंक र कार्यानुभव अंक कार्यमा संलग्न कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित हाजिरीको आधारमा प्रति दिन रु ७५० का दरले पारिश्रमिक दिईनेछ।

**१०. अन्य व्यवस्था**

(क) लिखित परीक्षाको तयारी, लिखित परीक्षाको नजिता प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस, प्रश्न पत्र छपाई, छपाई भएको प्रश्न पत्र परीक्षा केन्द्रमा पठाउन तयारी गर्ने कर्मचारीहरुको विहान देखि कार्यालय समय पछि वेलुका सम्म खटिनु पर्ने हुँदा देहाय बमोजिमको पारिश्रमिक उपलब्ध गराइनेछ।

| **क्र.सं.** | **कर्मचारीको तह** | **रकम रु.** |
|---|---|---|
| १ | अधिकृतस्तर | ७५० |
| २ | सहायकस्तर | ६५० |
| ३ | श्रेणी विहीन | ५५० |

(ख) परीक्षा सञ्चालनका क्रममा लाग्ने सम्पूर्ण सामग्री, खाना, खाजा,होटल बास लगायत खर्च प्रमुख प्रशासकीय अधिकृतको स्वीकृत बमोजिम बिल भर्पाईका आधारमा भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद-३
## विविध

**११.बाधा अड्काउ फुकाउने :** करार सेवामा पदपूर्ती गर्ने कार्यमा कुनै बाधा पर्न आएमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**१२.यसै बमोजिम भएको मानिनेछः**

(क) यो मापदण्ड बन्नुपर्व पदपूर्ती सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ।

**आज्ञाले,**
**जय नारायण खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**